महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

गौशाला नगरपालिका

महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
गौशाला नगरपालिका
महोत्तरी



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

गौशाला नगरपालिका

महोत्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ८१ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
गौशला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
महोत्तरी ।

कैफियत सहितको राय

हामीले गौशला नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ६ करोड ६४ लाख ११ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट प्रतिकृया प्राप्त पश्चात बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४३ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६२ लाख ५० हजार, नियमित गर्नुपर्ने रु १ करोड ८९ लाख .२७ हजार र पेश्की रू. २६ लाख ३१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ४८ करोड ६६ लाख ९९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५३ करोड ८८ लाख २३ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

गौशाला नगरपालिका, महोत्तरी

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६१	१६४	५६४११	०	७	४५५२	६१	१५७	५१८५९	४३१६	१८९२७	२६२५०	०	०	४५१७७	२६३०

१.२ प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
१	४६	मिति २०७९-१२-२१ मा आविस्कार ईनर्जी को १३०००० ओभरहेड भुक्तानी असुल गरी सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको	१३००००
२	५२.३	मिति २०७९-१२-२१ को निर्णयानुसार ८०००४४ को असुल गरी सम्परीक्षण गरिएको	८०००४४
३	६२	मिति २०७९।१२।२२ को निर्णयबाट रु.३४२९५५० ।- जिन्सी दाखिला नभएको सम्परीक्षण गरिएको ।)	३४२९५५०
४	६७	मिति २०७९-१२-२२ को निर्णय अनुसार रु.१९२८४० प्रमाण पेश गर्नुपर्ने सम्परीक्षण गरिएको	१९२८४०
जम्मा			४५५२४३४

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गौशाला नगरपालिका महोत्तरी	४८६६९९	०		४८६६९९	२६५	५१८५९	५३८८२३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गौशाला नगरपालिका, महोत्तरी , गौशाला नगरपालिका , महोत्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विरेन्द्र जंग थापा	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्जिब बराल	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	५२,१२३,८०२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२७,०८,७३,६६०	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५२,१४,८६,१००	**चालु खर्च**	३६,९३,५९,९६९
प्रदेश सरकारबाट अनुदान	२,१५,६१,०००	**पूँजीगत खर्च**	३६,८०,६७,६६३
राजश्व बाँडफाँट	१४,४३,२०,८३१	**वित्तीय/अन्य व्यवस्था**	३०,७३,६३,९२४
आन्तरिक आय	४,५५,०६,८८६		
अन्य आय	२२,७५,५९,०२५		
कुल आय	९६,०४,३३,८४२	**कुल खर्च**	१,०४,४७,९१,५५६
बाँकी मौज्दात		१८,६५,१५,९४६	

क्रम	भौचर नं.	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचयः** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना २०७३ सालमा भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा, १४४.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६६७६ जनसंख्या रहेको छ ।	

२

लेखापरीक्षणः यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखपरीक्सषण स्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।१०।१६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

३

वित्तीय प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

प्राप्ती भुक्तानी हिसाव			
विवरण	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	७९,४३,७३,२४५.४०	६८,८४,३१,००४.८९	६८,८४,३१,००४.८९
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	७७,४१,५३,५७९.०२	६६,००,५८,५२४.९४	६६,००,५८,५२४.९४
११००० कर	१५,२२,५९,६०७.००	१६,२९,७७,७१४.४५	१६,२९,७७,७१४.४५
१३००० अनुदान	५४,७६,४७,१००.००	४७,०२,३०,८०७.६४	४७,०२,३०,८०७.६४
संघीय सरकार	५२,३०,८६,१००.००	४५,३६,३५,७५८.४३	४५,३६,३५,७५८.४३
प्रदेश सरकार	२,४५,६१,०००.००	१,६५,९५,०४९.२१	१,६५,९५,०४९.२१
१४००० अन्य राजस्व	७,०७,४६,८७२.०२	२,३९,३३,८५१.८५	२,३९,३३,८५१.८५
१५००० विविध प्राप्ति	३५,००,०००.००	२९,१६,१५१.००	२९,१६,१५१.००
ख. अन्य प्राप्ति	२,०२,१९,६६६.३८	२,८३,७२,४७९.९५	२,८३,७२,४७९.९५
कोषहरु	२,०२,१९,६६६.३८	१,६४,९९,९८५.००	१,६४,९९,९८५.००
धरौटी	०	१,१८,७२,४९४.९५	१,१८,७२,४९४.९५

भुक्तानी (ग+घ)	१,०३,२३,६३,७७७.३८	७६,३०,०१,२४२.४५	७६,३०,०१,२४२.४५
ग. भुक्तानी (सञ्चित कोषबाट)	१,०१,२१,४४,१११.००	७३,७३,३८,८८९.४९	७३,७३,३८,८८९.४९
२१००० पारिश्रमिक / सुविधा	२८,६८,८६,०००.००	२१,३७,१३,७००.०९	२१,३७,१३,७००.०९
२२००० मालसामान तथा सेवाको उपयोग	१६,९२,५२,८५३.००	११,३६,१६,३००.२०	११,३६,१६,३००.२०
२५००० सहायता (Subsidy)	०	०	०
२६००० अनुदान	९९,९७,१००.००	९९,७४,२५०.४९	९९,७४,२५०.४९
२७००० सामाजिक सुरक्षा	२,९१,३२,०००.००	२,४२,३७,६३४.२८	२,४२,३७,६३४.२८
२८००० अन्य खर्च	८३,००,०००.००	७७,२९,३४१.५७	७७,२९,३४१.५७
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	५०,८५,७६,१५८.००	३६,८०,६७,६६२.८६	३६,८०,६७,६६२.८६
घ. अन्य भूक्तानी	२,०२,१९,६६६.३८	२,५६,६२,३५२.९६	२,५६,६२,३५२.९६
कोषहरु	२,०२,१९,६६६.३८	१,१३,८१,४७९.२५	१,१३,८१,४७९.२५
धरौटी	०	१,४२,८०,८७३.७१	१,४२,८०,८७३.७१
ङ. यो वर्षको बचत (न्यून)	(२३,७९,९०,५३१.९८)	(७,४५,७०,२३७.५६)	(७,४५,७०,२३७.५६)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२७,०३,७४,९३३.४१	२७,०३,७४,९३३.४१
वर्षान्तको बाकी रकम (ङ + च)	(२३,७९,९०,५३१.९८)	१९,५८,०४,६९५.८५	१९,५८,०४,६९५.८५
बैंक तथा नगद बाकी		१८,६६,०४,६९५.८५	१८,६६,०४,६९५.८५

४

एकिकृत आय व्यय विवरण

पालिकाले तयार गरेको आर्थिक बर्ष २०७८।७९ को एकिकृत आर्थिक विवरण निम्नानुसार रहेको छ ।

एकिकृत आर्थिक विवरण					
आयतर्फ			ब्ययतर्फ		
क्र.सं.	विवरण	रकम	क्र.सं.	विवरण	रकम

१	गत बर्षको जिम्मेवारी	२७०८७३६६०	१	जम्मा खर्च	७३७४२७६३२
२	राजस्व बाँडफाड वाट प्राप्त	१४४३२०८३१		चालु खर्च	३६९३५९९६९
	स्थानीय	११२५८७२		पुँजिगत खर्च	३६८०६७६६३
	संघीय	१३३३९३६५९	२	अन्तर सरकारी अख्तयारी	२०९५०८५४०
	प्रदेश	९८०१३००		सामाजिक सुरक्षा	२०९५०८५४०
३	संघीय अनुदान	५२१४८६१००	३	अन्य खर्च	२५०३९०९२
	समानीकरण	१६९९०००००		प्रकोप व्यवस्थापन	५९३२८६५
	सशर्त	३४११८६१००		बिभाज्य कोष	०
	समपुरक	१०४०००००		धरौटी	१४५७०८७३
४	प्रदेश अनुदान	२१५६१०००		विविध खर्च	३०४२३३४
	समानीकरण	१२०६१०००		कर्मचारी कल्याणकोष	१४९३०२०
	सशर्त	७५०००००	४	फिर्ता खर्च	७२८१६२९२
	समपुरक	२००००००		संघीय अनुदान	६७८५०३४२
५	आन्तरिक आय	४५५०६८८६		प्रदेश अनुदान	४९६५९५१
६	अन्तरसरकारी आय	२०९५०८५४०	५	बैंक मौज्दात	१८६५१५९४६
	सामाजिक सुरक्षा	२०९५०८५४०		संचितकोष	१६१७४७२९८
७	अन्य आय	१८०५०४८५		बिबिध खर्च खाता	६६८०५८३
	प्रकोप व्यवस्थापन कोष	५००००००		धरौटी खाता	१५८१७१८६
	धरौटी	१२१६२४८५		प्रकोप व्यवस्थापन	१७६३८९९
	बिभाज्य कोष	०		कर्मचारी कल्याण कोष	५०६९८०
	कर्मचारी कल्या कोष	५०००००			
	विविध खर्च खाता	३८८०००			

	जम्मा	१२३११३०७५०२		जम्मा	१२३११३०७५०२

५ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०,९५,०८,५४०।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

६ **फरक हिसावः** यस पालिकाले सुत्रबाट तयार गरेको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन* (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ४,९८,७२७।-,यस वर्षको प्राप्ति रु.२७,२०,०२,८६८।-, यस वर्षको भुक्तानी रु.२८,१७,९०,३१४।-, र बैङ्क मौज्दात रु. ८८,७४९।- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गत वर्षको जिम्मेवारी**	**यस वर्षको प्राप्ति (आय)**	**यस वर्षको भुक्तानी (व्यय)**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२)	२७०३७४९३३	६८८४३१००४	७६३००१२४२	१८६६०४६९५
एकीकृत आर्थिक विवरण अनुसार	२७०८७३६६०	९६०४३३८४२	१०४४७९१५५६	१८६५१५९४६
फरक	**४९८७२७**	**२७२००२८६८**	**२८१७९०३१४**	**८८७४९**

७ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु.२७,०७,२४,१३३।- रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.२७,०८,७३,६६०।- जिम्मेवारी सारेको देखिएकोले रु. १,४९,५२७।- बढी जिम्मेवारी सारेको छ । यस सम्वन्धमा पालिकाले बैंकमा मौज्दात बढी देखिएकोले बैंक मौज्दात अनुसारको रकम जिम्मेवारी सारेको जनाएको छ ।

८ **चालु खर्चतर्फः** पालिकाको सुत्रवाट प्राप्त विवरण अनुसार चालु खर्च रु.३६,९२,७१,२३६।- देखिएकोमा एकिकृत आय व्यय विवरणमा भने रु.३६,९३,५९,९६९।- खर्च देखिएको छ । सुत्रको विवरण भन्दा एकिकृत आय व्यय विवरणमा बढी देखिएको खर्च रु. ८८,७४३।- को सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

९ **बैङ्क हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाले लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार आय व्ययको लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरण र २०७९ असार मसान्तको बैंक मौज्दातमा निम्नानुसार फरक परेको छ ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>खाता</th><th>स्रेस्ता अनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१६१८३६०३८</td><td>६९२५७०६४</td><td>९२५७८७९४</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>०</td><td>२१७८०४०६</td><td>२१७८०४०६</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>०</td><td>७६४०६९९९</td><td>७६४०६९९९</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>६६८०५८३</td><td>६६८०५८३</td><td>०</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>१७६३८९८</td><td>१७६३८९८</td><td>०</td></tr>
<tr><td>धरौटी मौज्दात</td><td>१५८१७१९४</td><td>१५८१७१९४</td><td>०</td></tr>
<tr><td>कर्मचारी कल्याण कोष</td><td>५०६९८०</td><td>५०६९८०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>१८६६०४६९३</td><td>१९२२१३१२४</td><td>५६०८४३१</td></tr>
</table>
पालिकाले पेश गरेको आय व्यय विवरणमा देखिएको मौज्दात रकम र २०७९ आषाढ मसान्तको बैंक मौज्दात रकम फरक परेको सम्वन्धमा कार्यालयले चालु र पुँजिगत खर्च खातावाट खर्च नभई बाँकी रहेको रकम संचितकोषमा फिर्ता पठाएको तर उक्त रकम संचितकोषमा असार मसान्त पछीमात्र ट्रान्सफर भएको र खर्च लेखेको केही चेकको रकम असार मसान्त पछी मात्र साँटिएकोले असार मसान्तको बैंक मौज्दात र आय व्यय विवरणमा देखिएको मौज्दात रकम फरक परेको जनाएको छ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७८।३।१९ मा रु. १ अर्व १ करोड २१ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।५।३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।५।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यस्था बमोजिम समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>खर्च बिश्लेषणः पालिकाको यसवर्ष कुल आन्तरिक आयबाट रु. ४ करोड ५५ लाख, राजस्व बाँडफाँडवाट रु. १४ करोड ४३ लाख, संघीय र प्रदेश अनुदानवाट रु.५४ करोड ३० लाख र गत वर्षको अल्या समेत रु. २३ करोड ९१ लाख समेत जम्मा आम्दानी ९७ करोड १९ लाख भएकोमा चालु तर्फ रु. ३६ करोड ९३ लाख र पूँजिगत तर्फ रु. ३६ करोड ८० लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५० प्रतिशत चालु प्रकृतिको कार्यमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>योजनाको प्राथमिकीरणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू</td><td></td></tr>
</table>

गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नानुसार १२ वडाको लागि वडागत र पालिकास्तरका कुल ३३७ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१७६	५३	९९	२४
२.	वडा स्तरीय	१६१	७	६४	९०
जम्मा		**३३७**	**६०**	**१६३**	**११४**

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६४ योजनामात्र कार्यान्वियन भई ७३ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१३ **लक्ष्य तथा प्रगतिः** पालिकाले स्वीकृत कार्यक्रम अनुसार कार्य संचालन गरी लक्ष्य हासिल गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ मा पुँजिगततर्फ समग्रमा ७२.३७ प्रतिशत प्रगति भएको देखिएतापनि जम्मा ३३७ योजना मध्ये ७३ योजनामा बजेट विनियोजन भएकोमा खर्च नभई शुन्य प्रगति भएको छ । पालिकाले शुन्य प्रगति भएका योजना तथा कार्यक्रमको सम्वन्धमा बास्तविक कारण पहिचान गरी स्वीकृत कार्यक्रम अनुसार शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा	खर्च प्रतिशत बजेटको तुलनामा
१	आर्थिक विकास	२००५१०११	१३०७९३७३	१.७७	६५.२३
२	पूर्वाधार विकास	४७९२७७५५६	३४१२३३२३६	४६.२८	७१.२०
३	सामाजिक विकास	३४५३६४८४२	२६८८७७०४६	३६.४७	७७.८५
४	सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र	१४६७८०००	८४६५८६९	१.१५	५७.६७
५	कार्यालय संचालन तथा प्रशासनिक	१५२७७२७०२	१०५६८३३६४	१४.३६	६९.१८
जम्मा		**१०१२१४४१११**	**७३७३३८८८८**	**१००**	**७२.८५**

उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस वर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च पूर्वाधार विकासमा ४६.२८ प्रतिशत

र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र १.१५ प्रतिशत रहेको छ । पालिकाले अन्य क्षेत्र भन्दा पूर्वाधार विकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई वृद्धी गर्नुपर्दछ ।

१५ **चौमासिक खर्चः** स्वीकृत वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार निर्धारित त्रैमासिक कार्यक्रम/क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको पुँजिगत तर्फको चौमासिक खर्चको विवरण अनुसार कूल खर्च मध्ये प्रथम चौमासिकमा १७.८८ प्रतिशत, दोस्रो चौमासिकमा १७.५० प्रतिशत र तेस्रो चौमासिकमा ६४.६२ प्रतिशत खर्च भएको छ । पालिकाले कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा विनियोजित वजेट खर्च नगरी आर्थिक वर्षको अन्तमा मात्र खर्च गर्ने कार्यलाई नियन्त्रण गरी तोकिएको समयमै कार्यसम्पादन गर्नुपर्दछ ।

कुल खर्च	चौमासिक खर्च (रकम रु हजारमा)		
	प्रम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक
३६८०६७	६५८४१	६४३९४	२३७८३२
१००	**१७.८८**	**१७.५०**	**६४.६२**

१६ **अनुत्पादक क्षेत्रमा खर्चः** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माण र विभिन्न संस्थाको भवन निर्माण कार्यमा वजेट विनियोजन गरी ठुलो रकम खर्च गरेको छ । पालिकाले यस वर्ष निम्नानुसार मठ मन्दिर तथा अन्य संस्थाको भवन निर्माण कार्यमा रु. ९८ लाख ७८ हजार वजेट खर्च गरेको छ । पालिकाले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गरी अन्य पूर्वाधार विकासमा खर्च गर्नुपर्दछ ।

कार्यक्रम। योजनाको नाम	विनियोजन (हजारमा)	खर्च (हजारमा)
वडा भित्रको अधुरो धर्मशाला तथा मन्दिर मर्मत	११५०	१०९६
अधुरो सशलेश मन्दिर निर्माण तथा रंगरोगन	६००	५६५
दोभान युवा क्लवको अधुरो भवन निर्माण	८००	७७६
पिछडा बर्गका लागि कार्यालय भवन निर्माण	८००	६५८
महिला सामुदायिक भवन निर्माण	१४००	१३६६
रामस्वरुप धर्मशाला मर्मत	२००	१८९
ईट्टाटारको अधुरो मन्दिर निर्माण	५००	४४५
सम्सीटोलको अधुरो धर्मशाला निर्माण	४००	३८८
संतोषी माताको अधुरो मन्दिर निर्माण	१००	९३

शिव युवा कल्वको अधुरो शौचालय निर्माण	१२०	१०५
हलुवाई धर्मशाला मर्मत	३००	२८८
बिषमपुर धर्मशाला निर्माण	२००	१९४
भरतपुर राजदेवी मन्दिर मर्मत	५००	४८४
बडरेवामा शिव मन्दिर मर्मत कार्य	२००	१४१
बडरेवा ब्रमह मन्दिरको पर्खाल निर्माण	५००	४८४
महारानी मन्दिर निर्माण	१०५	१२७
बिषहरारस्थानमा शिव मन्दिर निर्माण	५००	४०४
कुश्माण्डी ब्रम्हस्थान मन्दिर निर्माण	८००	७७५
कुशमाण्डी कुशेश्वर मन्दिर निर्माण	६५०	६०३
ढल्केवरमा राधामी बाबा मन्दिर निर्माण	४००	३०९
पासमान टोल सहलेश मन्दिर निर्माण	४००	३८८
जम्मा	**१०६२५**	**९८७८**

१७ **अनुत्पादक खर्चः**पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी खेलकुद सामाग्रि तथा विभिन्न सांस्कृतिक कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ। पालिकाले यस वर्ष निम्नानुसार बितरणमुखी र अनुत्पादक कार्यमा रु. ३७ लाख ८७ हजार वजेट खर्च गरेको छ। पालिकाले खरिद विल तथा विजकको आधारमा खरिद गरिएका सामाग्रिको भुक्तानी गरी विभिन्न व्यक्ति तथा समूहलाई वितरण गरेको उल्लेख गरेको भएतापनि उक्त सामग्री वितरण गर्दा सम्वन्धित लाभग्राहीको परिचयपत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत विवरण सहितको वितरणको भरपाई संलग्न गरेको देखिएन। पालिकाले यसरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

कार्यक्रमको नाम	विनियोजन (हजारमा)	खर्च (हजारमा)
मेयर कप	१२००	१२००
खेलकुद सामाग्रि खरिद तथा वितरण पालिकास्तर	५००	३९३
खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं ३	५३	५२

खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं ४	२५०	२५०
खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं ६	४००	३९९
खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं ८	५००	५००
खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं ९	२००	१९७
खेलकुद सामाग्रि खरिद तथा वितरण वडा नं १२	१००	९९
जेष्ठ नागरिक सम्मान कार्यक्रम	३००	३००
सांस्कृतिक कार्यक्रमको लागि सामाग्रि खरि वडा नं ६	४००	३९७
जम्मा	**३९०३**	**३७८७**

१८

आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आन्तरिक लेखापरीक्षण शाखा गठन भई कर्मचारी समेत नियुक्ति भएको अवस्थामा आन्तरिक लेखापरीक्षण कार्य भएको देखिएन ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा सवै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा

			भ्रमणमा खटिने कर्मचारीवाट अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २१ लाख २६ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । • पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो । • पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन । • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शूल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पूर्णरुपमा अद्यावधिक गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ को दफा ३ को उपदफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ४ करोड ३५ लाख ५० हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१९			**आन्तरिक लेखापरीक्षणः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता,	

			कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी कर्मचारी समेत नियुक्ति गरेता पनि आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
२०			**जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।	
२१			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण र जग्गा वर्गिकरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः • पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ। • पालिकाले सार्वजनिक स्थलमा सामूदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । • पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गामा उक्त जग्गा सार्वजनिक जग्गा भएको उल्लेख गरी सुचना पार्टी टाँस गर्नुपर्दछ । • भू उपयोग ऐन, २०७६ को दफा १८ म प्रत्येक स्थानीय तहमा स्थानीय भू उपयोग परिषद गठन गर्नुपर्ने र उक्त परिषदले स्थानीय भू उपयोग योजना तर्जुमा गर्ने, भूमि सम्वन्धी लगत संकलन, बिशलेषण र प्रयोग गर्ने, आफ्नो तहको भु उपयोग सम्वन्धी नक्सा तयार गर्ने र आवाश्यकता अनुसार भू उपयोग उप क्षेत्रको वर्गिकरण गर्ने लगायतका काम कर्तव्य रहने उल्लेख गरेको छ । पालिकामा भू उपयोग ऐन र नियममा भएको व्यवस्था बमोजिम स्थानीय भु उपयोग परिषद गठन भएता पनी उक्त परिषदले प्रभावकारी रुपमा कार्य गरेको देखिएन । पालिकामा रहेको भू उपयोग परिषदले ऐन र नियममा उल्लेख भए बमोजिमको कार्य गरी भु उपयोग क्षेत्र बर्गिकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।	
२२			**कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ । पालिकाले मन्त्रालयवाट प्राप्त नमुना कानुनहरुको आधार मानी विभिन्न ऐन नियम र कार्यविधि बनाएकोमा उक्त कानुनहरुको कार्यान्वयन प्रभावकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ।	
२३			**न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार गत वर्षको फर्छ्यौट गर्न बाँकी उजुरी १४ र यस वर्ष दर्ता भएको ५० समेत जम्मा ६४ उजुरी मध्ये यस वर्ष ६ उजुरीको फछ्र्यौट गरी ५८ उजुरी आगामि वर्षको लागि जिम्मेवारी सारेको छ ।पालिकामा न्यायिक समितिले दर्ता भएका उजुरी तथा निवेदनको तोकिएकै समयमा फछ्र्यौट	

<table>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर्मचारी कल्याणकारी कोष</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु. ५,००,०००।- ट्रान्सफर गरेको छ भने यस वर्ष कर्मचारी कल्याकोषवाटसाविकको जिल्ला विकास समितिको कार्यालयवाट पालिकामा समायोजन भई आएका निम्नानुसार २ जना कर्मचारीलाई रु. १४,९३,०२०।– भुक्तानी गरी खर्च लेखेको छ । यसरी कर्मचारी कल्याकोष संचालन सम्वन्धी कुनै नियम र कार्यविधि तयार नगरी स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम नियुक्ति भएका कर्मचारीहरुलाई कल्याणकारी कोषवाट खर्च लेखेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><td>गो.भौ. र नं र मिति</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी लिनेको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td rowspan="2">२-२०७८।११।२२</td><td>देवानन्द आले</td><td>अनु आले</td><td>९९२२०४</td><td>२०७७ मा मृत्यू भएको</td></tr>
<tr><td>राजकुमारी महरा चमार</td><td>राजकुमारी महरा चमार</td><td>५००११६</td><td>२०७३ मा अनिवार्य अवकास</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४९३०२०</td><td></td></tr>
</table></td><td>१,४९३,०२०</td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>नगर कार्यपालिकाको मिति २०७७।३।१ को निर्णय अनुसार कार्यालय सहयोगी श्री राजकुमारी महरा मिति २०६४।१०।१ गते स्थायी नियुक्ति पाई मिति २०७३।१२।३० मा अनिवार्य अवकाश भए पश्चात निजले कुनै सुविधा नपाएको हुँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिधिभित्र रही निजलाई अवकास सुबिधा उपदान रकम रु. ८१,६८५।-, औषधि उपचार खर्च रु. १,४१,४८८।-, संचित घर विदा रु. १,०६,११६।- र संचित विरामी विदा रु. ६५,४३८।- समेत जम्मा रु. ३,९४,७२७।- कर्मचारी कल्याणकोषवाट उपलव्ध गराउने निर्णय भएकोमा नगर कार्यपालिकाको मिति २०७८।१०।२६ को निर्णयमा संचित विदा र उपचार खर्च लगायत जम्मा रु. ५,९६,९०१।– भुक्तानी दिने गरी निर्णय भएको देखिन्छ । यसरी एउटै कर्मचारी र विषयको वारेमा नगरपालिकाले फरक फरक निर्णय गरेको देखिन्छ । यसरी पालिकाले एउटै व्यक्तिको सुबिधाको सम्वन्धमा फरक फरक निर्णय गरेकोले कार्यपालिकाले गरेको निर्णयको अभिलेख राखी त्यस्तो निर्णय गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थायी नियुक्त भएको कर्मचारीलाई सोही नियमावलीको नियम २६६ बमोजिम सहायक स्तरको कर्मचारीको लाई १८ महिनाको तलव बरारबरको रकम औषधि उपचार वापत भुक्तानी गर्नुपर्नेमा पालिकाले निजामती सेवा नियमावली अनुसार निम्नानुसार कर्मचारीलाई २१ महिनाको तलव वरावरको रकम भुक्तानी गरेको बढी भुक्तानी भएको ३ महिनाको तलव वरावरको औषधि उपचार खर्च असुल गर्नुपर्ने रु.
<table>
<tr><td>गोश्वरा भौचर नं र मिति</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी लिनेको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td rowspan="2">२-२०७८।११।२२</td><td>देवानन्द आले</td><td>अनु आले</td><td>६६१७४</td></tr>
<tr><td>राजकुमारी महरा चमार</td><td>राजकुमारी महरा चमार</td><td>५३०५८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११९२३२</td></tr>
</table></td><td>११९,२३२</td></tr>
</table>

२५			**कानुनी सल्लाहकारः** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष एक जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक वार्षिक समेत रु.४ लाख ५० हजार पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मूल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।	
२६			**आर्थिक सहायताः**पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५५ संघसंस्था र व्यक्तिहरुलाई रु. ९ लाख १० आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।	
२७			**विविध खर्चः**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । पालिकाले यो वर्ष खाना खाजा तथा विविध तर्फ रु. २१,२६,०००।- खर्च गरेको छ । खर्च गरेको विल पेश गरेता पनि खर्च पुष्टी गर्ने स्पस्ट कागजात पेश गरेको देखिएन । पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।	
२८			**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको गत आर्थिक वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी पेश्की रु. ३९,९२,०९०।- र चालु आर्थिक वर्षको रु. ७६,१९,७००।- पेश्की बाँकी रहेको देखिन्छ । चालु आर्थिक वर्षको बाँकी रहेको पेश्की रु. ७६,१९,७००।- मध्ये रु. १८,०५,७००।- म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभई बाँकी रहेको देखिन्छ । पालिकाले फछ्र्यौट नभई बाँकी रहेको पेश्की नियमावलीमा भएको व्यवस्था बमोजिम फछ्र्यौट गर्नुपर्ने रु.	१,८०५,७००

गो.भौ.नं. र मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	पेश्की बाँकी	
			म्याद ननाघेको	म्याद नाघेको
कर्मचारी पेश्की				
१७६-२०७९।३।२५	कार्यक्रम खर्च	अस्मिता कुमारी शर्मा	०	२५५०००
४२८-२०७९।३।२५	कार्यक्रम खर्च	अस्मिता कुमारी शर्मा	०	४६०००
२६-२०७८।८।९	कार्यक्रम खर्च	गोपाल कान्त झा	१५०००	०
२२८-२०७८।१२।१३	कार्यक्रम खर्च	अस्मिता कुमारी शर्मा	१२५००	०
२९५-२०७९।१।२३	कार्यक्रम खर्च	अस्मिता कुमारी शर्मा	४१५००	०
३४४-२०७९।२।३१	विविध खर्च	रेखा देवी चौधरी	०	३००००

१५५-२०७९।३।२२	कार्यक्रम खर्च	निलम कुमारी कुश्वाह	०	२१७००
४११-२०७९।३।२४	संचार महसुल	रंजित कुमार वर्मा	०	२२०००
जम्मा			**६९०००**	**३७४७००**
निर्माण व्यवसायी पेश्की				
९-२०७८।११।१३	सुति विकास चोक	ब्रदर्श कन्सट्रकसन	९२३०००	०
<tr><td>5.</td><td>श्री राष्ट्रिय आधारभूत विद्यालय जमुनिया गौशाला -७</td><td>४६४००</td></tr>
<tr><td>6.</td><td>श्री राम आधारभूत विद्यालय गौशाला -५</td><td>१८०००</td></tr>
<tr><td>7.</td><td>श्री जनता आधारभूत विद्यालय रजखोर गौशाला -४</td><td>२५६००</td></tr>
<tr><td>8.</td><td>श्री रामचन्द्र आधारभूत विद्यालय लक्ष्मिनिया गौशाला -१२</td><td>२१६००</td></tr>
<tr><td>9.</td><td>श्री राष्ट्रिय जनता आधारभूत विद्यालय लक्ष्मिनिया गौशाला -११</td><td>४८०००</td></tr>
<tr><td>10.</td><td>श्री बालकल्याण आधारभूत विद्यालय निगौल गौशाला-२</td><td>४७२००</td></tr>
<tr><td>11.</td><td>श्री मिरमिरे आधारभूत विद्यालय नमुना तारेचौरी गौशाला -११</td><td>१८०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४८५६००</td></tr>
</table>
</td><td>४८५,६००</td></tr>
<tr><td>५२.९</td><td>१३७</td><td>२०७९-६-</td><td>छात्रवृत्ति अनुदान : आर्थिक वर्ष २०७८/७९ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ मा कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा र दलित विद्यार्थीले प्रति विद्यार्थी रु. ४०० का दरले छात्रवृत्ति पाउने व्यवस्था छ। श्री मिरमिरे आधारभुत विद्यालय तारेचौरीले छात्रवृति अनुदान वापत</td><td>१८,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>१९</td><td>प्राप्त गरेको निकासा रु. १८००० नगद वितरण गर्नुपर्नेमा, नगद वितरण नगरी ब्याग र पोशाक वितरणको भर्पाई पेश गरेकोले नियमसम्मत देखियन। सो रकम नियमित गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>५२.१०</td><td>१३७</td><td>२०७९-३-१९</td><td>बढि रकम : आर्थिक वर्ष ०७८/७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिँदा IEMIS अनुसार प्रविष्ट तथ्यांक सत्यापन गराई यकिन संख्याका आधारमा कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्र,छात्राको लागि प्रति विद्यार्थी रु. ४०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाई पालिकामा पेश गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकि भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायका विद्यालयलाई IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा निकासा दिएकोमा वितरण भर्पाइ परीक्षण गर्दा भर्पाई पेश नभएको निकासा रकम विद्यालयबाट निकासा फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>भर्पाइ पेश नभएको विद्यार्थी संख्या</th><th>बढि रकम</th></tr>
<tr><td>1.</td><td>श्री त्रिभुवन माध्यामिक विद्यालय, गौशाला -५</td><td>१८८०००</td><td>७९</td><td>३१६००</td></tr>
<tr><td>2.</td><td>श्री माध्यामिक विद्यालय भेडियाही फुलकाहा गौशाला-६</td><td>१०१२००</td><td>८</td><td>३२००</td></tr>
<tr><td>3.</td><td>श्री रा.आ.वि. वान्हटोल</td><td>५०४००</td><td>१०</td><td>४०००</td></tr>
<tr><td>4.</td><td>श्री ने.रा.ज.आ.वि. बहादुरगंज</td><td>७२०००</td><td>२</td><td>८००</td></tr>
<tr><td>5.</td><td>श्री रा.प्रा.वि. बडेर्वा</td><td>२२४००</td><td>१८</td><td>७२००</td></tr>
<tr><td>6.</td><td>श्री राष्ट्रिय माध्यिमक विद्यालय कान्तिबजार गौशाला -१२</td><td>१४४०००</td><td>३९</td><td>१५६००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६२४००</td></tr>
</table></td><td>६२,४००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>शिक्षण सिकाई सामाग्रीः १३७/०७९/३/१९ कार्यक्रम कार्यान्वयन पुस्तिका ०७८।७९ को कार्यक्रम नं.२.७.१३.३ (२.६) मा प्राविधिक धारमा सञ्चालित विद्यालयमा अध्ययनरत कक्षा (९-१२) सम्मका विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाई सामाग्रि, ल्याव असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्रिहरु व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमुष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ। देहायका विद्यालयले शिक्षण सिकाई सामाग्री अनुदान निकासा प्राप्त गरेकोमा ल्याव असिस्टेन्ट नियुक्ति प्रमाण, OJT गर्ने विद्यार्थी विवरण, व्यवहारीक अभ्यास अवधि , आन्तरीक तथा बाह्य अनुगमन प्रतिवेदन तथा ल्याव सामाग्रि खरिद प्रमाण पेश गरेकोमा देखिएका व्यहोरा निम्नुसार छन्।
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>श्री त्रिभुवन मा. वि . गौशालाबजार</td><td>२५८००००</td></tr>
<tr><td>श्री राष्ट्रिय मा. वि . कान्तिबजार</td><td>२०१००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td>५३.१</td><td></td><td></td><td>महंगि भत्ता : त्रिभुवन मा.वि. गौशालाबजारमा करार सम्झौतामा प्रशिक्षण सहायक श्री अजय कुमार मण्डललाई नियूक्त गरी तलब भत्ता वापत कूल रकम रु. ४,०५,९३०।- खर्च लेखेकोमा निजलाई महंगी भत्ता समेत भुक्तानी दिएकोले नपाउने १२ महिनाको मंहगी भत्ता रु. २४,०००।- असूल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>२४,०००</td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>विद्यार्थी निर्वाह खर्च : त्रिभुवन मा.वि. गौशालाबजारमा व्यवहारिक अभ्यास OJT मा सहभागि हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउनु पर्नेमा कक्षा १० को ४१ जना विद्यार्थीलाई रु. १,२३,०००।-, कक्षा ११ को ४३ जना विद्यार्थीलाई रु. १,२९,०००।-, तथा कक्षा १२ का ४८ जना विद्यार्थीलाई रु. २,८८,०००।- गरी कूल रु. ५,४०,०००।-सम्बन्धित विद्यार्थीको बैक खातामा भुक्तानि हुनुपर्नेमा नगद वितरण भर्पाई पेश गरेको देखिन्छ । सम्वन्धित बिद्यार्थिको बैंक खातामा पठाउनु पर्ने रकम नगदमा बुझाउदा सम्वन्धित बिद्यार्थिले उक्त रकम प्राप्त गरेको सम्वन्धमा एकिन गर्न नसकिने हुँदा अनियमित देखिएको रु.</td><td>५४०,०००</td></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>जिन्सि दाखिला : आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सि मालसमान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र जिन्सि बुझाउदा बुझेको व्यक्तिको रीत पूर्वकको भर्पाई राख्नुपर्ने व्यवस्था छ । त्रिभुवन मा.वि. गौशालाबजारले ल्याव सामाग्रि रु. ३,६५,१४८।- खरीद गरेकोमा जिन्सि दाखिला प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३६५,१४८</td></tr>
<tr><td>५३.४</td><td></td><td></td><td>अनुगमन मूल्यांकन : बाह्य अनुगमन गर्दा OJT का लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भत्ता दिने उल्लेख छ । त्रिभुवन मा.वि. गौशालाबजारले अनुगमनमा खटिने कर्मचारीको भ्रमण विल तथा प्रतिवेदन वेगर भुक्तानि गरेको अनुगमन मूल्याङ्कन खर्च गरेको रु. १,६१,५००।- नियमसम्मत नदेखिएको रु.</td><td>१६१,५००</td></tr>
<tr><td>५३.५</td><td></td><td></td><td>वहाल कर : आयकर ऐन २०५८ को दफा ८८ मा भाडा भुक्तानीमा १० प्रतिशतका दरले वहालकर कट्टि गर्नुपर्ने उल्लेख छ। त्रिभुवन मा.वि. गौशालाबजारले देहायको गाडि भाडा भुक्तानीमा १० प्रतिशत गाडि बहाल कर कट्टि गर्नु पर्नेमा कर कट्टी नगरी भुक्तानी दिएको रकमको कर असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>भुक्तानि लिनेको नाम</th><th>गाडि भाडा रकम</th><th>वहालकर छुट रकम</th></tr>
<tr><td>श्री पुष्पराज श्रेष्ठ</td><td>६१००००</td><td>६१०००</td></tr>
</table></td><td>६१,०००</td></tr>
<tr><td>५३.६</td><td></td><td></td><td>विद्यार्थी निर्वाह खर्च : राष्ट्रिय मा.वि. कान्तिबजारले व्यवहारिक अभ्यास OJT मा सहभागि हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउनु पर्नेमा कक्षा १० का ३५ विद्यार्थीलाई रु. १,०५,०००।-, कक्षा ११ को २४ विद्यार्थीलाई रु. ७२,०००।-, तथा कक्षा १२ का २९ विद्यार्थीलाई १,७४,०००।- गरी कूल रु. ३,५१,०००।- सम्बन्धित विद्यार्थीको बैक खातामा भुक्तानि हुनुपर्नेमा नगद वितरण भर्पाई पेश भएको छ । सम्वन्धित बिद्यार्थिको बैंक खातामा पठाउनु पर्ने रकम नगदमा बुझाउदा सम्वन्धित बिद्यार्थिले उक्त रकम प्राप्त गरेको सम्वन्धमा एकिन गर्न नसकिने हुँदा अनियमित देखिएको रु.</td><td>३५१,०००</td></tr>
<tr><td>५३.७</td><td></td><td></td><td>वहाल कर : आयकर ऐन २०५८ को दफा ८८ मा भाडा भुक्तानिमा १० प्रतिशतका दरले वहालकर कट्टि गर्नुपर्ने उल्लेख छ। राष्ट्रिय मा.वि. कान्तिबजारले देहायको व्यक्तिलाई भाडा भुक्तानि दिएकोमा १० प्रतिशत बहाल कर कट्टि गर्नु पर्नेमा कर कट्टी नगरी भुक्तानी दिएकोले उक्त कर रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भुक्तानि लिनेकोनाम</th><th>भाडा रकम</th><th>वहालकर छुट रकम</th></tr>
<tr><td>कपिलदेव ठाकुर</td><td>६००००</td><td>६०००</td></tr>
</table></td><td>३९,८००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>योगेन्द्र महत्तो</td><td>१८०००</td><td>१८००</td></tr><tr><td>लेखबहादुर पुलामि</td><td>१५५०००</td><td>१५५००</td></tr><tr><td>विष्णुबहादुर दनुवार</td><td>१६५०००</td><td>१६५००</td></tr><tr><td></td><td>जम्मा</td><td>३९८००</td></tr></table></td><td></td></tr>
<tr><td>५३.८</td><td></td><td></td><td>जिन्सि दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सि मालसमान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र जिन्सि बुझाउदा बुझेको व्यक्तिको रीत पूर्वकको भर्पाई राख्नुपर्ने व्यवस्था छ । राष्ट्रिय मा.वि. कान्तिबजारले कृषि सामाग्रि रु. ४९,०४४।- खरीद गरेकोमा जिन्सि दाखिला प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.</td><td>४९,०४४</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>५४.१</td><td></td><td></td><td>औषधि खरिद : पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि खरिद गरी १ फर्मलाई रु. १६,९९,२११/- भुक्तानी दिएको छ । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा राखेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.२</td><td>१२
८</td><td>२०७
९-३-
१३</td><td>न्यानो झोला कार्यक्रम : स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक निकायबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका अन्तर्गतका बर्थिङ सेन्टरका निम्ति यस वर्ष ५५४ थान न्यानो झोला रु. ४,९८,३१२/- (भ्याट सहित) मा खरिद गरेको देखिन्छ । खरिद गरिएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक निकायबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>कर कट्टि नभएको: जनता आधारभूत विद्यालय जयपुरको २ कोठे भवन निर्माणको लागी निकासा भएको रु. १८,००,०००/- मध्ये रु. १६,११,५९६/- को कार्य मूल्याङ्कन भइ रु. १४,३८,३५०/- खर्च लेखेकोमा खर्चसाथ संलग्न ८ थान निर्माण सामाग्री खरिदको विलको रकम रु. १२,८९,४४९।-मा आयकर ऐन २०५८ को दफा ८८ वमोजिम अग्रिम कर कट्टि नभएको रु. १९,३४१/-असूल हुनुपर्ने रु.</td><td>१९,३४१</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>राहत वितरण: कोभिड प्रभावित १६४८ जनालाई १० हजारका दरले राहत वितरण गर्न रु. १ करोड ६४ लाख ८० हजार निकासा भएकोमा पुरै रकम खर्च भएको छ तर निर्देशिकामा एकाघर परीवारका कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ, संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परिवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरिरहेका,सञ्चित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परिवार राहत</td><td></td></tr>
</table>

			प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारिस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन।तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णय हुनु पर्दछ।	
५७			**संघिय शसर्त तर्फ**	
५७.१			**सुरक्षित आवास कार्यक्रम :** पालिकाले सुरक्षित आवास कार्यक्रमको लागि छनौट भएका ७१ जना लक्षित वर्गका प्रति परिवारलाई रु. ५०,०००/- दिने गरी विनियोजन गरेको रकममध्ये प्रथम किस्ता बापत सामाग्री खरिद गर्न प्रति परिवार रु. ३०,०००/- का दरले रु. २१,३०,०००/- खर्च लेखेकोमा उक्त कार्यको कार्यसम्पन्न नभएकोले कार्य सम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु.	२,१३०,०००
५७.२			**सुधारिएको चुल्हो खरिद कार्य :** पालिकाले सुधारिएको चुल्हो खरिद कार्यको लागि आविस्कार इनर्जी प्रा.ली.संग २०७९।१।१५ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौता बमोजिम १८० थान सुधारिएको चुल्होको आपुर्ती गरेवापत फर्मलाइ रु. ८,००,०००/- भुक्तानी भएको छ । तर पालिकालाइ आपुर्ती भएका १८० थान सुधारिएको चुल्हो सम्वन्धित लाभग्राहीलाई वितरण गरी प्रयोगमा ल्याउनु पर्नेमा लेखापरीक्षण अवधि सम्म पनि उक्त खरिद भएको चुल्हो वितरण गरेको देखिएन । तसर्थ पालिकावाट खरिद भएको चुल्हो सम्वन्धित लाभग्राहीलाई वितरण गरी जडान गरेको पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्ने साथै आपुर्तिकर्ता कम्पनि मूल्य अभिवद्धि करमा समेत ननफाईलर देखिएकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण समेत पेश गर्नुपर्ने रु.	८००,०००
५७.३			**कार्यसम्पन्न प्रतिवेदन :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलापमा क्रमागत भवन निर्माणको लागि निकासा भएको रकमबाट विद्यालय निर्माण गरी सोको कार्यसम्पन्न प्रतिवेदन संलग्न गर्नुपर्ने उल्लेख छ ।पालिकाले विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत नमूना विद्यालयको भौतिक निर्माण कार्यको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा छनौट भएको त्रिभुवन माध्यमिक विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान रु.१ करोड र कार्यसम्पादनमा आधारीत अनुदान रु. ५० लाख समेत रु. १,५०,००ऽ०००/- निकासा भएको छ । विद्यालय निर्माणसँग सम्बन्धित कागजात र अन्य प्रमाण विद्यालयले पालिकामा पेश गरेको छैन । तसर्थ विद्यालय निर्माणसँग सम्बन्धित नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु.	१५,०००,०००
५७.४			**विद्यालय भौतिक पूर्वाधार निर्माण :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था भएकोमा देहायका विद्यालयले विद्यालय निर्माणसँग सम्बन्धित कागजात पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित रु ५७,६१,६५०/को कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.	५,७६१,६५०

विद्यालयको नाम	रकम	कैफियत
विरेन्द्र मा वि भवन निर्माण	३६०००००	चारकोठे भवन
राष्ट्रिय जनता आधारभूत विद्यालय वडा नं११ को भवन निर्माण	१८०००००	दुइ कोठे भवन
जनता आधारभूत विद्यालय वडा नं ७ दुइ कोठे भवन	३६१६५०	१८,०००००/निकासा भएको मध्ये

		रु.१४,३८,३५०/कार्य मूल्याङ्कनको आधारमा खर्च भइ रु. ३६१६५०/वाकी रहेको छ।
जम्मा	**५७६१६५०**	

५७.५ **शैक्षिक सामाग्री खरिद र व्यवस्थापन :** आइसिटी ल्याव स्थापना र सामाग्री खरिदका लागि देहायका विद्यालयहरुलाइ रु. ६,५०,०००/- का दरले विद्यालयको खातामा निकासा दिएकोमा संलग्न खर्चको विल भर्पाइमा खरिद भएका सामाग्रीहरुको दाखिला प्रमाण पेश नगरेकोले दाखिला प्रमाण पेश गरि आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम खरिद भएका सामाग्रीमा अग्रिम कर कट्टि नभएको रु २५,८8४/- असूल गरि दाखिला हुनुपर्ने रु. २५,८८४

विद्यालयको नाम	**खरिद विल**	**अग्रिम कर कट्टि नभएको**
राष्टिय माध्यामिक विद्यालय कान्तिवजार	५७५२२०	८६२८
ने रा ज आधारभूत विद्यालय वहादुरगंज	५७५२२०	८६२८
सरस्वती मा वि भण्टावारी	५७५२२०	८६२८
जम्मा		**२५८८४**

५८ **स्रोतमा करकट्टीः**आयकर ऐन,२०५८ को दफा ८९ मा भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका फर्म/व्यक्तिलाई भुक्तानी गर्दा स्रोतमा करकट्टी गर्नुपर्नेमा नगरी भुक्तानी गरेको हुँदा उक्त कर रु. ३३,७०० असुल गर्नुपर्ने रु. ३३,७००

भौ.नं./ मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम	कट्टा गर्नुपर्ने कर रकम	कट्टा भएको कर रकम	छुट कर रकम
९०/०७९/०१/१२	कान्तिबजार कृषि सहकारी संस्था लि.	९६४६५०	२७४०२	६७५८	२०६४४
१०१/०७९/२/१३	जन जागृत विपन्न वर्ग कृषक समूह	९५०४६०	२६६३८	१३५८२	१३०५६
				जम्मा	**३३७००**

५९ **पुँजिगततर्फ**

५९.१ **खरिद अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निमित्त छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमको कागजातहरु सहित अद्याबधिक अभिलेख राख्नुपर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारवाही टुङ्गो लागेको ७ वर्ष सूरक्षित राख्नुपर्ने व्यवस्था छ । पालिकाले वोलपत्र र सिलवन्दी दरभाउपत्रबाट भएका खरिद कार्यको फाईल तयार गरेको भएतापनि खरिद नियमावलीले तोकेका सवै कागजातहरु सिलसिलेवर मिलाएर राखेको देखिएन । जसले गर्दा खरिद कारवाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्वन्धी कारोवारहरुको परीक्षण गर्न सहज भएन । पालिकाले सवै खरिद कार्यको अद्यावधिक अभिलेख राखी खरिद कार्यलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

५९.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ।

			निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य,कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।	
५९.३			**डि.एल पि.अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतः ठेक्कको डि.एल.पि. अभिलेख राख्ने कार्यतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।	
५९.४			**गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश भएतापनि सिरिजवाईज गुणस्तर परीक्षण हुने नगरेको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसमानको गुणस्तर परीक्षण गरी निर्माण कार्य र खरिद भएको मालसमान गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।	
५९.५			**नापी किताव :** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताव लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा उक्त अभिलेख राखिनुपर्दछ ।	
५९.६			**उपभोक्ता समिति दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन ।त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न	

<table>
<tr><td></td><td></td><td></td><td>भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सूधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५९.७</td><td></td><td></td><td>मर्मत सम्भार कोष : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मर्मत संभार कोषको व्यवस्था गरेता पनि उक्त कोषमा उपभोक्ता समितिवाट कुनै शुल्क जम्मा गर्ने व्यवस्था नभएको साथै सम्बन्धित उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्यको रकम सम्झौता बमोजिम भुक्तानी गर्दा मर्मत संभार वापतको रकम कट्टी गर्ने गरेको देखिएन । पालिकाले मर्मत संभार सम्वन्धी कार्यविधि वनाई उपभोक्ता समितिबाट सम्पन्न गराएको कार्यको भुक्तानी दिदा मर्मत संभार वापतको रकम कट्टी गरी उक्त कट्टी भएको रकमवाट कुनै योजना मर्मत संभार गर्नुपर्ने भएमा उक्त रकम खर्च गरी उपभोक्ता समितिमार्फत निर्माण भएका योजनाको मर्मत संभार कार्य गरी प्रभाबकारी रुपमा संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सडकको पि.सि.सि. निर्माण कार्यः सडक विभागको स्थ्याण्र्ड स्पेशिफिकेशनमा ५ मिटर सम्म चौडा भएका र बढी व्यस्त नहुने सडकमा मात्र पि.सि.सि. कार्य गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष ४ मिटर देखि ९ मिटर सम्म चौडा भएका सडकमा सव वेस माथि पि.सि.सि. गरेको मूल्यांकन गरी खर्च लेख्ने गरेको छ। ५ मिटर भन्दा माथि चौडाई भएका र व्यस्त सडकमा सव वेस माथि पि.सि.सि. कार्य गर्दा सडकको वहन क्षमता कमजोर भई छिट्टै सडक विग्रने र राज्यको लगानी समेत व्यर्थ हुन जाने भएकोले त्यस्ता कमसल पि.सि.सि. कार्यमा नियन्त्रण गरी सडकको व्यस्थता र चौडाईको अवस्था अनुसार सव वेस माथि सोलिङ्ग कार्य गरी सो माथि मात्र पि.सि.सि. गरी सडक निर्माण कार्य गर्न पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी नगरेकोः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहको कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले मूल्य अभिवृद्वि करको शत प्रतिशत नै तपसिलका फर्मलाई भुक्तानी दिएकोले कट्टी नगरेको मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो॰भौ॰नं।मिति</th><th>खरिदको विवरण</th><th>विक्रेता/फर्मको नाम</th><th>विल रकम</th><th>मू॰अ॰कर</th><th>३०% मू॰अ॰कर</th></tr>
<tr><td>२६०।०७९।३।२५</td><td>सडक ढलान</td><td>शिवम कन्सट्रक्सन</td><td>३७०४६९</td><td>४८१६१</td><td>१४४४८</td></tr>
<tr><td>२६१।०७९।३।२५</td><td>सडक ढलान</td><td>साइवावा निर्माण सेवा</td><td>४२५४९७</td><td>५५३१५</td><td>१६५९४</td></tr>
<tr><td>२६३।०७९।३।२५</td><td>सडक ढलान</td><td>मिथिला विल्डर्स</td><td>३३८१८९</td><td>४३९६५</td><td>१३१८९</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४४२३१</td></tr>
</table></td><td>४४,२३१</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>जिन्सी दाखिला
.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु.. ३४२९५५० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>दर विश्लेषणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको</td><td>१,४७१,८६४</td></tr>
</table>

			आधारमा तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाको निर्माण कार्यको आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सम्बन्धित निर्माण कार्यको लागि नेपाल सरकारको विशिष्टिकृत निकायले तयार गरेको नर्म्स प्रयोग गर्नुपर्दछ।शहरी विकास तथा भवन निर्माण विभाग बबरमहल काठमाडौँले स्वीकृत गरेको नर्म्समा भवन निर्माणमा प्रयोग हुने विभिन्न साइजको फलामे डण्डीको लागि ल्याप्स, चियर, वेष्ट आदिको लागि ५ प्रतिशत नर्म्स बमोजिम नै थप गरी दर विश्लेषण गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत निर्माण कार्य भएका सार्वजनिक भवन निर्माण कार्यको नर्म्स र दर विश्लेषण परीक्षण गर्दा तपसिलका सार्वजनिक निर्माणमा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहलले तयार गरेको फलामे डण्डीको नर्म्स प्रयोग गर्नुपर्नेमा अन्य नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको र सोही आधारमा निर्माण व्यवसायीमार्फत कार्य गराई भुक्तानी गरेको पाइयो।सम्बन्धित कार्यको लागि नेपाल सरकारको विशिष्टिकृत निकायले तयार गरेको नर्म्स प्रयोग नगरी लागत अनुमान तयार गरी खरिद कार्य गरेको कारण देहाय बमोजिम बढी खर्च हुन गई पालिकालाई थप व्यभार परेको रु.	

क्र.स.	**निर्माण कार्यको नाम**	**निर्माण सेवा**	**खर्च भएको फलामे डण्डी (के.जी.)**	**वास्तविक खर्च हुने फलामे डण्डी (के.जी.)**	**थप व्ययभार परेको फलामे डण्डिको परिमाण (के.जी.)**	**दर**	**थप व्ययभार**
क.	नगरपालिकाको मूख्य प्रशासनिक भवन निर्माण कार्य	हनुमान कन्सट्रक्सन	८२०२५.५	७८२९७	३७२८.५	१०१.७	३७९१८८
ख.	पचाइन पोखरी निर्माण कार्य	पृथवी इन्जिनियर्स एण्ड विल्डर्स प्रालि काठमाडौँ	१०६१५०	१०१३२५	४८२५	११३	५४५२२५
ग.	आर्युवेद एकेडेमिक भवन निर्माण कार्य	हनुमान श्री गणेश जे भी	११८४३०	११३०४७	५३८३	१०१.७	५४७४५१
जम्मा							**१४७१८६४**

६४			**विल विजकको भुक्तानीः** खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले निर्माण कार्य गराएका तपशिलका योजनाको रनिङ्ग विल र सम्बद्ध नापी किताव परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन ।	
६४.१	९	२०७८-५-२६	गौशला नगरपालिका वडा नं. ८ कुशमाडौँ भोर्लेली मरुदरी सडक स्तरोन्नति कार्यको कुल रु. ४८,५३,१२८/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ४५,६५,८२२/- भुक्तानी भएको रनिङ्ग विल र सम्बद्ध नापी किताव परीक्षण गर्दा सडक निर्माण कार्यको सब बेसको कार्य चेनेज नं. ०+००० देखि ०+४५४ सम्म ४५४ मिटर लम्बाइमा २८६.०३ घ.मि.को कार्य भएकोमा एम १५ को पि.सि.सि.को कार्य चेनेज नं. ०+००० देखि ०+२८५.४ मिटर को २०७.७४ घ.मि. र चेनेज ०+००० देखि ०+४५४ सम्मको ३३०.५३ मिटरमा ३३०.५३ घ.मि. समेत जम्मा ५३८.२७ घ.मि. पि.सि.सि. को कार्यको खर्च लेखेको पाइयो।यस सडकको स्तरोन्नति कार्य अन्तर्गत सब वेसको कार्य ४५४ मिटर लम्बाइ भएकोमा सव वेस माथि पि.सि.सि. गर्ने कार्य	७९८,२२९

			५८५.०३ मिटर लम्बाईमा देखाएकोले सव वेसको लम्वाई भन्दा पि.सि.सि. कार्यको लम्वाई १३१.०३ मिटरमा बढि देखाउदा (१३०.०३*५.२०*०.१३=८७.९०) ८७.९० घ.मि.को प्रति घ.मि. रु. ९,०८१.०७ का दरले रु. ७,९८,२२९/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	
६४.२	७४	२०७८-११-१७	गौशला वडा नं. १० मा नगर स्तरीय डिप बोरिङ्गको कार्य मिति ०७८।११।१५ मा सम्पन्न देखाई कूल मूल्यांकन रु. ३७,३३,१९९/- मध्ये उपभोक्ता समितिलाई रु. ३३,९५,०००/- भुक्तानी भएको छ।निर्माण कार्य सम्बद्ध नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा ६ वटा डिप वोरिङ्ग कार्यको लागि प्रति डिप वोरिङ्ग ५५.१७ मिटरको दरले ३३१ मिटरको प्रति मिटर रु. ७५०० को दरले ड्रिलिङ्ग कार्य वापत रु. २४,८२,५००/- खर्च लेखेको छ भने उक्त ६ वटा डिप वोरिङ्गको लागि ६३ एम एम डायको २७० मिटर मात्र एच.डि.पि.ई. पाइप र जाली खपत भएको देखिन्छ।डिप वोरिङ्ग कार्यको लागि सामान्यतया खपत भएको पाइपको लम्बाई तथा वोरोहोलको लम्वाई बराबर नै डिप वोरिङ्गको ड्रिलिङ्ग कार्यको लम्वाई देखाउनुपर्नेमा उपरोक्त ६ वटा डिप वोरिङ्ग कार्यमा खपत भएको पाइपको लम्बाई भन्दा ड्रिलिङ्ग कार्यको लम्वाई ६१ मिटर बढी देखाएकोले ड्रिलिङ्ग कार्यवापतको प्रति व.मि. ७५०० को दरले ६१ मिटर बढी ड्रिलिङ्ग कार्य देखाई खर्च लेख्दा रु. ४,५७,५००/- पालिकालाई थप व्ययभार पारेको रु.	४५७,५००
६४.३	२४३	२०७९-३-२४	नगरपालिका भित्र चापाकल जडान कार्यको पालिकाले रु. २,७८,१५९/- मूल्यांकन गरी यस निर्माण कार्यका उपभोक्ता समितिलाई रु. २,५०,१२९/- भुक्तानी दिएको छ। भुक्तानीसँग सम्बद्ध रनिङ्ग विल र नापी किताव परीक्षण गर्दा चापाकल जडानका लागि ड्रिलिङ्ग तथा पाइप खपतको कार्य ९ वटा मात्र भएको देखिएकोमा चापाकलको हेण्ड पाइपको हेड १२ वटा खर्च देखाई प्रति हेड रु. ६,४६३/- ले खर्च लेखेको पाइयो।चापाकल जडान कार्य ९ वटा मात्र भएकोमा सोको हेड समेत ९ वटाको मात्र खर्च लेख्नुपर्नेमा १२ वटाको खर्च लेखेकोले ३ वटा हेडको बढी खर्च लेखेको रु. १९,३८९/- असुल हुनुपर्ने रु.	१९,३८९
६५			**विल विजकको भुक्तानीः** पूर्व पश्चिम राजमार्ग देखि दक्षिण जर्लाही खोलामा कर्ल्भट निर्माण र सडक स्तरोन्नति कार्यको कूल मूल्यांकन रु. २६,२२,३०४।२० मध्ये पालिकाले उपभोक्ता समितिलाई रु. २३,५७,७१४/- भुक्तानी दिएको छ। आर्थिक वर्ष २०७८।७९ को स्वीकृत दर अनुसार सडकमा मेसिनद्वारा माटो फिलिङ्ग गर्ने कार्यको प्रति घ.मि. रु. ३८७.९८ रहेकोमा सडकमा माटो फिलिङ्ग गर्ने कार्यको प्रति घ.मि. रु. ५०३ का दरले २८७.२२ घ.मि. को खर्च लेखेको पाइयो। सडक स्तरोन्नति कार्यको लागि मेशिन प्रयोग गरी माटो फिलिङ्ग प्रति घ.मि. रु. ३८७.९८ का दरले खर्च लेख्नुपर्नेमा रु. ५०३ का दरले खर्च लेख्दा प्रति घ.मि. रु. ११५.०२ ले २८७.२२ घ.मि. को रु. ३३,०३६/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	३३,०६६
६६			**माटो फिलिङ्ग र कटिङ कार्यको दोहोरो भुक्तानीः** स्टयाण्डर्ड स्पेशिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को बुँदा नं. ९१७(५) मा सडकको एलाइन्टमेन्ट स्थित माटोको कटान परिमाणलाई लेभल मिलाउन माटो पुर्दा सो परिमाणलाई माटोको कटान तर्फ र माटो पुरेको परिमाणतर्फ दोहोरो हुने गरी नाप गर्न नमिल्ने व्यवस्था गरेको छ। पालिकाले पूर्व पश्चिम राजमार्ग देखि दक्षिण जर्लादी खोलामा वक्स कर्ल्भट र सडक निर्माण कार्यको रु. २६,२२,३०४/- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. २३,५७,७१४/- भुक्तानी गरेको छ। यस निर्माण कार्यको नापी किताव र रनिङ्ग विल परीक्षण गर्दा माटो कटान कार्य १०८.४७ घ.मि. र माटो फिलिङ्ग कार्य २८७.२२ घ.मि. देखाई खर्च लेखेको पाइयो।एउटै एलाइन्टमेन्टमा माटो कटान र लेभल मिलाउन माटो पुर्ने कार्य गर्दा माटो काट्ने कार्यको १०८.४७ घ.मि. दोहोरो पर्ने देखिएकोले प्रति घ.मि. रु. १६८.२९ का दरले १०८.४७ घ.मि. को दोहोरो खर्च देखिएको रु. १८२५४ असुल हुनुपर्ने रु.	१८,२५४
६७	२२९	२०७९-३-२९	**प्रमाण पेश हुनुपर्ने** .... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२२ को निर्णयबाट रु१९२८४०. ।- सम्परीक्षण गरिएको ।)	०
६८			**भेरिएशनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान तयार गरी नियम १४	

बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यस्तै, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएशन गर्न सक्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित २ वटा निर्माण कार्यको सुरूको लागत अनुमानमा विभिन्न आइटमहरु छुट हुन गएको उल्लेख गरी भेरिएशन मार्फत थप कार्य गराउँदा रु. ४१,०१,५०२।- लागतमा वृद्दि भएको छ भने ती निर्माण कार्यको सम्पन्न गर्ने अवधी समेत वृद्दि हुन गएको छ।लागत अनुमान तयार गर्दा र स्वीकृत गर्दा पर्याप्त ध्यान नपुऱ्याएको कारण भेरिएशन गर्नुपर्ने अवस्था देखिएको छ।अतः निर्माण कार्यको लागत अनुमान तयारी र स्वीकृतिमा पर्याप्त ध्यान दिनुपर्दछ ।

क्र.स.	**निर्माण कार्यको नाम**	**भेरिएशन पश्चात वृद्दि भएको लागत**
क.	पालिकाको मूख्य प्रशासनिक भवन निर्माण कार्य	२८१३०२२
ख.	पचाइन पोखरी निर्माण कार्य	१२८८४८०
जम्मा		**४१०२५०२**

६९ **उपभोक्ता समितिको काममा निर्माण व्यवसायीको प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ भने उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी गराएका निर्माण कार्य मध्ये अधिकांश निर्माण कार्यहरुमा निर्माण व्यवसायीको प्रयोग गरी कार्य गराएको पाइयो भने त्यस्ता कामहरु मध्ये ग्रामीण विद्युतीकरण, डिपवोरिङ्ग, पुल कल्भट, सडक पि.सि.सि. गर्ने कार्य रहेका छन। उपभोक्ता समितिसँग जटिल संरचना निर्माण कार्यको अनुभव, स्रोत साधनको न्यूनता, कानुनी व्यवस्था विपरित भारी उपकरणहरुको प्रयोग गरी जटिल संरचनाको निर्माणमा व्यवसायीको प्रयोग गरिनु कानुन व्यवस्थाको विपरित देखिएकोले यस्ता कार्यमा नियन्त्रण गरिनुपर्दछ। जटिल प्राविधिक विषय भएको र उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण व्यवसायी मार्फत कार्य गराएको मध्ये केही उदाहरण यस प्रकार छन।

गो.भौ.नं.।मिति	**कामको प्रकृति**	**माध्यम**	**संलग्न निर्माण सेवा**	**मूल्यांकन**	**भुक्तानी रकम**
६४।०७८।११।२५	वडा नं ६ मा विद्युतिकरण कार्य	उपोक्ता समिति	निधिवन कन्सट्रक्सन	३२५२४५४	२९१००००
७४।०७८।११।१७	वडा नं १० मा ६ वटा डिप वोरिङ्ग कार्य	उपोक्ता समिति	आदित्य ड्रिलिङ्ग डिप वोरिङ्ग कम्पनी	३८०१७६५	३३९५०००
१६६।०७९।२।१९	वडा नं १ मा ४ वटा डिप वोरिङ्ग कार्य	उपोक्ता समिति	आदित्य ड्रिलिङ्ग डिप वोरिङ्ग कम्पनी	२४७०८२२	२२२०२७२
२५२।०७९।३।२५	वडा नं ११ मा डिप वोरिङ्ग कार्य	उपोक्ता समिति	सुमन ड्रिलिङ्ग एण्ड निर्माण सेवा प्रा.लि.	१३४०९१२	१२०४४०७

७० **परामर्श सेवाको खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका

परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ।

गो.भौ. नं. र मिति	परामर्शदाताको नाम	परामर्श वाको विवरण	भुक्तानी रकम
२३३-०७८।१२।१७	राजधानी ईन्जिनियरिङ कन्सल्टेन्सी	बाँके नदीको IEE	४२४३१५
४०६-०७९।३।२३	सेफ ईन्जिनियरिङ कन्सल्टेन्सी	जंघा नदीको IEE	४२२६२०
३४३-०७९।२।३०	युनिक ईन्जिनियरिङ कन्सल्टेन्सी	एग्रो कलेक्सन सेन्टरको डि.पि.आर	१९४३६००
४१६-०७९।३।२४	नर्थ काठमाडौं ईन्जिनियरिङ सर्भिस प्राली	नगरपालिका खेलग्रामको डि.पि.आर	१४८५९५०
जम्मा			४३७६४८५

परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।

७०.१			**लागत अनुमान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत वर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष परामर्श सेवा खरिद वापत रु. ४२,७६,४८५।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन। पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन। पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी बनाउनुपर्दछ।	
७०.२			**पालिकाको जनशक्तिको उपयोग नगरेको:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ। पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिबाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो। पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदातासँग खरिद गर्नुपर्दछ।	
७०.३			**पेशागत दायित्वको बीमा नगरेको**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ। पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ४२,७६,८८५।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन। पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।	
७१			सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरिएकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ।	

आर्थिक बर्ष	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	रकम
२०७५।७६	४७	निम्नानुसार पदाधिकारीको बेरुजु असुल भई राजस्व दाखिला भएको	५२७०००

नाम	रकम
नगर प्रमुख श्री शिवनाथ महत्तो	१४५०००
नगर उप प्रमुख श्री आशा लामा	१३००००
वडाअध्यक्ष श्री भिम बहादुर राना	२८०००
वडाअध्यक्ष श्री शेष सलाम	२८०००
वडाअध्यक्ष श्री विरेन्द्र चौधरी	२८०००
वडाअध्यक्ष श्री श्री रामबाबु साह	२८०००
वडाअध्यक्ष श्रीधर्मेन्द्र साह	२८०००
वडाअध्यक्ष श्री किसुनदेव कुमर	२८०००
वडाअध्यक्ष श्री महेश प्रसाद सिंह	२८०००
वडाअध्यक्ष श्री श्री शेष मो. जलिल	२८०००
वडाअध्यक्ष श्री भोज बहादुर दर्लामि	२८०००
जम्मा	**५२७०००**

आर्थिक बर्ष	बेरुजुको दफा नं	बेरुजुको संक्षिप्त व्यहोरा	रकम
२०७५।७६	१२७	शिव पार्वति जल उ.स.	५००००
जम्मा			**५७७०००**

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	संघीय संचित कोष दाखिलाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार शिक्षण सहयोग अनुदान निकासा गर्दा श्री मा वि रामनगरलाई बढी निकासा दिएको रकम रु.२६५१२७ सम्बन्धित विद्यालयबाट असुल गरी पालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गरेको छ । यसरी संघीय सशर्त अनुदान रकम बढी निकासा भएको संघीय संचित कोष दाखिला गर्नुपर्नेमा पालिकाले आफ्नै आन्तरिक राजस्व खातामा दाखिला गरेकोले उक्त रकम पालिकाले संघीय संचित कोष फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.	265127.00